ऐन संख्या-

# मेरिङदेन गाउँपालिकाको आर्थिक ऐन, २०७५

**गाउँसभा बाट स्वीकृत मिति : २०७५/०३/३२**

**मेरिङदेन गाउँपालिका**

**ताप्लेजुङ**

**१ नं. प्रदेश, नेपाल**

## मेरिङदेन गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना**ःमेरिङदेन गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेरिङदेन गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मेरिङदेन गाउँपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मेरिङदेन गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

३. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। एउटै पसल, फर्म वा कम्पनीले अनुसूचीमा उल्लिखित विवरण अनुसार एक भन्दा बढी किसिमका वस्तु तथा सेवाको व्यवसाय गरेको भएमा अधिकतम दर भएको व्यवसायको व्यवसाय कर असुल उपर गरिने छ।

४. **जडिबुटी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत् अनुसूची (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

५. **सवारी साधन पटके करः** गाउँपालिका भित्रको सडकमा सवारी साधन आवत जावत गरे बापत अनुसूची (४) बमोजिम सवारी साधन पटके कर लगाइने र असुल उपर गरिनेछ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीबाट अनुसूची (७) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो पर्यटकीय क्षेत्रहरुबाट अनुसूची (८) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसूची (९) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

११. **घर करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घरको कर अनुसूची (१०) बमोजिम लगाइने र असुल उपर गरिनेछ। तर एकीकृत सम्पत्ति कर लागू भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१२. **जरिवाना शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका विवाद, झैँझगडा, द्वन्द्व बापतको अनुसुची (११) बमोजिमको शुल्क लगाउने असुल उपर गर्नेछ।

१३. **निकासी करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको गोलिया निकासी बापतको अनुसूची (१२) बमोजिमको शुल्क लगाउने तथा कर लगाइने र असुल उपर गरिनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिई बाँकी व्यवसायको कर मिनाहा गरिनेछ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर**

| **क्र.सं.** | **विवरण** | **दररेट** | **कैफियत** |
|---|---|---|---|
| १. | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा, घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २. | कुनै पनि सार्वजनिक संस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | सम्झौता भएको रकमको १०% | |

अनुसूची - २

(दफा ३ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय करको दर**

| **क्र.सं.** | **विवरण** | **दर रु. (वार्षिक)** | **कैफियत** |
|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १५०० | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | २५०० | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | १५०० | |
| ५. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज | २००० | |
| ६. | कपडा/जुत्ता/चप्पल पसल, नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रीवितरण), मेडिकल/एग्रोभेट | १५०० | |
| ७. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) सम्बन्धी पसल | ५०० | |
| ८. | हार्डवेयर व्यवसाय | २००० | |
| ९. | भाँडाकुँडा पसल | १५०० | |
| १०. | फर्निचर/ 'स' मिल व्यवसाय | २५०० | |
| ११. | इन्धन व्यवसाय | ३००० | |
| १२. | कस्मेटिक पसल, व्युटी पार्लर | १५०० | |
| १३. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN दर्तावाला) | ५००० | |
| १४. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (VAT दर्तावाला) | २०००० | |
| १५. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ समेत बिक्रीवितरण गर्ने होटल | ५००० | |
| १६. | सुनचाँदी पसल | २५०० | |
| १७. | मनी एक्स्चेन्जर (IME लगायत) | ३००० | |
| १८. | कृषि सहकारी/विद्युत् सहकारी | १००० | |

| | | | |
|---|---|---|---|
| १९. | अन्य सहकारी तथा लघुवित्त | ३००० | |
| २०. | बैंकिङ तथा बित्तीय कारोवार गर्ने संस्था | ५००० | |
| २१. | एफ. एम. रेडियो | ४००० | |
| २२. | सिनेमाघर | ५००० | |
| २३. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ३००० | |
| २४. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ | ५००० | |
| २५. | केबलकार | १०००० | |
| २६. | **<u>ठेक्का पट्टा</u>**<br>५ लाख भन्दा कम<br>५ लाख भन्दा बढी २० लाख सम्म<br>२० लाख भन्दा बढी ५० लाख सम्म<br>५० लाख भन्दा बढी १ करोड सम्म<br>१ करोड भन्दा बढी ५ करोड सम्म<br>५ करोड भन्दा बढी | <br>२०००<br>५०००<br>१००००<br>२००००<br>३००००<br>५०००० | |
| २७. | फ्रेस हाउस | १५०० | |
| २८. | स्टेशनरी | ५०० | |
| २९. | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | १५०० | |
| ३०. | टेलर, सैलुन, साइवर | १००० | |
| ३१. | अन्य व्यवसाय | ५०० | |

अनुसूची - ३

(दफा ४ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी कर**

| **क्र.सं.** | **जडिबुटी** | **दररेट रु. (प्रति केजी)** | **कैफियत** |
|---|---|---|---|
| १. | अलैंची | ५ | |
| २. | अम्लिसो | ०.५ | |
| ३. | चिराइतो | २ | |
| ४. | मजिटो | १ | |
| ५. | अदुवा | ०.२५ | |
| ६. | धूप | १ | |
| ७. | जटामसी/कुट्की | १ | |
| ८. | सतुवा | १० | |
| ९. | अन्य जडिबुटी | ०.२५ | |

अनुसूची - ४

(दफा ५ सँग सम्बन्धित)

**गाउँपालिका आफ्नो क्षेत्र भित्र लगाउने सवारी साधन पटके कर**

| **क्र.सं.** | **सवारी साधनको किसिम** | **दररेट रु. (एक पटकको)** | **कैफियत** |
|---|---|---|---|
| १. | बस, ट्रक, जीप, ट्याक्सी | १०० | |
| २. | ट्रयाक्टर | ५०० | |
| ३. | हेभी इक्विपमेन्ट, एक्स्क्याभेटर, डोजर, लोडर | ५००० | |

तर यस विषयमा प्रदेश सरकारले कुनै व्यवस्था गरेमा सोही बमोजिम हुनेछ ।

अनुसुची – ५

(दफा ६ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः**

| क्र.सं. | प्रकार | दररेट वार्षिक रु. | कफियत |
|---|---|---|---|
| १. | **कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ वोर्ड, फ्लेक्स प्रिन्ट, पर्खाल, बार, भित्ता, पसलको सटर आदिमा विज्ञापन गरे बापत**<br>५ वर्गफिट भन्दा कम<br>५ भन्दा बढी १० वर्गफिट सम्म<br>१० भन्दा बढी १५ वर्गफिट सम्म<br>१५ वर्गफिट भन्दा बढी | <br><br><br>१०००<br>२०००<br>३०००<br>५००० | |

तर यस विषयमा प्रदेश सरकारले कुनै व्यवस्था गरेमा सोही बमोजिम हुनेछ ।

अनुसूची - ६

(दफा ७ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने मनोरञ्जन कर**

| क्र.सं. | विवरण | दररेट (एक पटकको) | कैफियत |
|---|---|---|---|
| १. | जादु, चटक, सर्कस देखाए बापत | ५० | |
| २. | रोटेपिङ खेलाएबापत | २० | |
| ३. | सिनेमा/फिल्म देखाए बापत् | ५० | |

अनुसूची - ७

(दफा ८ सँग सम्बन्धित)

**गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गर्नेछ।**

| क्र.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | व्यक्तिगत सिफारिस | ५० | |
| २. | संघ संस्थाको सिफारिस | २०० | |
| ३. | नागरिकता सिफारिस | १०० | |
| ४. | नागरिकता प्रतिलिपि | २०० | |
| ५. | नाता प्रमाणित (जीवित सँगको) | २०० | |
| ६. | नाता प्रमाणित (मृतक सँगको) | २०० | |
| ७. | मदिरा व्यवसाय सिफारिस | १००० | |
| ८. | मदिरा उद्योग सिफारिस | १०००० | |
| ९. | घर जग्गा नामसारी सिफारिस | ५०० | |
| १०. | मोही लगत कट्टा सिफारिस | २०० | |
| ११. | घर कायम सिफारिस | ५०० | |
| १२. | छात्रवृत्ति सिफारिस | ५० | |
| १३. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| १४. | अपाङ्ग सिफारिस | निःशुल्क | |
| १५. | स्थायी बसोबास सिफारिस | २०० | |
| १६. | अस्थायी बसोबास सिफारिस | १०० | |
| १७. | बैबाहिक अङ्गीकृत नागरिकता सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| १८. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० (तर २०,००,००० भन्दा बढी भएमा जम्मा मूल्याङ्कनको ०.५% ले) | |
| १९. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| २०. | विद्युत जडान सिफारिस | ५०० | |
| २१. | धारा जडान सिफारिस | ५०० | |
| २२. | जीवित रहेको सिफारिस | ५००० | |
| २३. | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| २४. | फरक नाम/जन्ममिति संशोधन सिफारिस/संशोधन | ३०० | |
| २५. | जग्गा मूल्याङ्कन सिफारिस | ५०० | |
| २६. | जग्गा मूल्याङ्कन प्रमाणित | १००० (२५ लाख भन्दा माथिको ०.२५%) | |
| २७. | व्यवसाय बन्द सिफारिस | ५०० | |
| २८. | व्यवसाय सञ्चालनमा नरहेको सिफारिस | ५०० | |
| २९. | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| ३०. | कोर्ट फि मिनाहा सिफारिस | ५० | |
| ३१. | नावालक परिचय पत्र सिफारिस | १०० | |
| ३२. | चौपाया सम्वन्धी सिफारिस | १०० | |
| ३३. | घर बहालमा लगाउने सिफारिस | २०० | |
| ३४. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल दर्ता सिफारिस | २०० | |
| ३५. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट दर्ता सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| ३६. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल दर्ता सिफारिस | २००० | |
| ३७. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) दर्ता सिफारिस | ५०० | |
| ३८. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज दर्ता सिफारिस | १००० | |
| ३९. | कपडा/जुत्ता/चप्पल पसल, नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रीवितरण), मेडिकल/एग्रोभेट दर्ता सिफारिस | ५०० | |
| ४०. | खाद्य पदार्थजन्य पसल (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) दर्ता सिफारिस | ५०० | |
| ४१. | हार्डवेयर, भाँडाकुँडा पसल/व्यवसाय दर्ता सिफारिस | १००० | |
| ४२. | फर्निचर/ 'स' मिल व्यवसाय दर्ता सिफारिस | २५०० | |
| ४३. | इन्धन व्यवसाय दर्ता सिफारिस | १५०० | |
| ४४. | कस्मेटिक पसल, व्युटी पार्लर दर्ता सिफारिस | ५०० | |
| ४५. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल दर्ता सिफारिस | २००० | |
| ४६. | सुनचाँदी पसल दर्ता सिफारिस | २००० | |
| ४७. | मनी एक्स्चेन्जर (IME लगायत) दर्ता सिफारिस | २००० | |
| ४८. | सहकारी तथा लघुवित्त  दर्ता सिफारिस | १००० | |
| ४९. | बैंकिङ तथा अन्य बित्तीय कारोवार गर्ने संस्था दर्ता सिफारिस | ३००० | |
| ५०. | स्थानीय खानी तथा खनिज जन्य पदार्थको सर्वेक्षण/अन्वेषण सिफारिस/अनुमति | ५००० | |
| ५१. | स्थानीय खानी तथा खनिज जन्य पदार्थको उत्खनन सिफारिस/अनुमति | १००००० | |
| ५२. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी दर्ता सिफारिस | १००० | |
| ५३. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ आदि दर्ता सिफारिस | २००० | |

| | | | |
|---|---|---|---|
| ५४. | केबलकार सेवा दर्ता सिफारिस | ५००० | |
| ५५. | एफ. एम. सञ्चालन सिफारिस | ५००० | |
| ५६. | स्थायी लेखा नम्बर (PAN) दर्ता सिफारिस | ८०० | |
| ५७. | हाटबजार सञ्चालन सिफारिस | ५०० | |
| ५८. | रुख कटान सिफारिस (उत्तिस प्रति गोटा) | २० | |
| ५९. | रुख कटान सिफारिस (चिलाउने प्रति गोटा) | २५ | |
| ६०. | रुख कटान सिफारिस (पात्ले/कट्टुस प्रति गोटा) | ३० | |
| ६१. | रुख कटान सिफारिस (अन्य रुख प्रति गोटा) | १० | |
| ६२. | अन्य व्यवसाय दर्ता सिफारिस | ५०० | |
| ६३. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल दर्ता | १००० | |
| ६४. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट दर्ता | १५०० | |
| ६५. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल दर्ता | ३००० | |
| ६६. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) दर्ता | १५०० | |
| ६७. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज दर्ता | २५०० | |
| ६८. | कपडा/जुत्ता/चप्पल पसल, नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रीवितरण), मेडिकल/एग्रोभेट दर्ता | १५०० | |
| ६९. | खाद्य पदार्थजन्य पसल (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) दर्ता | १५०० | |
| ७०. | हार्डवेयर, भाँडाकुँडा पसल/व्यवसाय दर्ता | ३००० | |
| ७१. | फर्निचर/ 'स' मिल व्यवसाय दर्ता | ३०००० | |
| ७२. | इन्धन व्यवसाय दर्ता | २५०० | |

| | | | |
|---|---|---|---|
| ७३. | कस्मेटिक पसल, व्युटी पार्लर दर्ता | १५०० | |
| ७४. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल दर्ता | १०००० | |
| ७५. | सुनचाँदी पसल दर्ता | ७००० | |
| ७६. | मनी एक्स्चेन्जर (IME लगायत) दर्ता | ७००० | |
| ७७. | सहकारी तथा लघुवित्त दर्ता | ५००० | |
| ७८. | बैंकिङ तथा अन्य बित्तीय कारोवार गर्ने संस्था दर्ता | २०००० | |
| ७९. | एफ. एम. सञ्चालन अनुमति/दर्ता | ५०००० | |
| ८०. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी दर्ता | ५००० | |
| ८१. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ दर्ता | १०००० | |
| ८२. | केबलकार सेवा दर्ता | १००००० | |
| ८३. | संस्था/क्लब दर्ता | १००० | |
| ८४. | उपभोक्ता समिति दर्ता | १००० | |
| ८५. | अन्य दर्ता (व्यवसाय समेत) | ५०० | |
| ८६. | घर बहालमा लगाउने अनुमति | ५०० | |
| ८७. | हाटबजार सञ्चालन अनुमति | २००० | |
| ८८. | **<u>निर्माण/ठेक्का पट्टा लाइसेन्स</u>**<br>‘घ’ वर्ग तथा अन्यको लागि<br>‘ग’ वर्गको लागि<br>‘ख’ वर्गको लागि<br>‘क’ वर्गको लागि | <br>१५०००<br>२००००<br>२५०००<br>३०००० | |
| ८९. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल नवीकरण | ५०० | |
| ९०. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | ८०० | |

| | | | |
|---|---|---|---|
| | नवीकरण | | |
| ९१. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल नवीकरण | १००० | |
| ९२. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) नवीकरण | ७०० | |
| ९३. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज नवीकरण | १००० | |
| ९४. | कपडा/जुत्ता/चप्पल पसल, नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रीवितरण), मेडिकल/एग्रोभेट नवीकरण | ७०० | |
| ९५. | खाद्य पदार्थजन्य पसल (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) नवीकरण | ७०० | |
| ९६. | हार्डवेयर, भाँडाकुँडा पसल/व्यवसाय नवीकरण | १५०० | |
| ९७. | फर्निचर/ 'स' मिल व्यवसाय नवीकरण | २००० | |
| ९८. | इन्धन व्यवसाय नवीकरण | २००० | |
| ९९. | कस्मेटिक पसल, व्युटी पार्लर नवीकरण | ५०० | |
| १००. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल नवीकरण | ३००० | |
| १०१. | सुनचाँदी पसल नवीकरण | ३००० | |
| १०२. | मनी एक्स्चेन्जर (IME लगायत) नवीकरण | ३००० | |
| १०३. | सहकारी तथा लघुवित्त  नवीकरण | १००० | |
| १०४. | बैंकिङ तथा अन्य बित्तीय कारोवार गर्ने संस्था नवीकरण | ५००० | |
| १०५. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी नवीकरण | २००० | |
| १०६. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ नवीकरण | ४००० | |
| १०७. | केबलकार सेवा नवीकरण | ८००० | |
| १०८. | संस्था/क्लब नवीकरण | ५०० | |

| | | | |
|---|---|---|---|
| १०९. | उपभोक्ता समिति नवीकरण | ५०० | |
| ११०. | हाटबजार सञ्चालन अनुमति नवीकरण | ८०० | |
| १११. | अन्य नवीकरण (व्यवसाय समेत) | ५०० | |
| ११२. | **<u>ठेक्का पट्टा लाइसेन्स नवीकरण</u>**<br>'घ' वर्ग तथा अन्यको लागि<br>'ग' वर्गको लागि<br>'ख' वर्गको लागि<br>'क' वर्गको लागि | <br>१५००<br>२५००<br>३५००<br>५००० | |
| ११३. | उद्योग ठाउँसारी सिफारिस | २००० | |
| ११४. | विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| ११५. | विद्यालय सञ्चालन स्वीकृति/कक्षा वृद्धि सिफारिस | १००० | |
| ११६. | जग्गा दर्ता सिफारिस | १०० | |
| ११७. | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ११८. | संरक्षक सिफारिस (संस्थागत) | २०० | |
| ११९. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | |
| १२०. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| १२१. | सशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| १२२. | घरबाटो प्रमाणित | ५०० | |
| १२३. | चार किल्ला प्रमाणित | ५०० | |
| १२४. | हकवाला वा हकदार प्रमाणित | १०० | |
| १२५. | विवाह प्रमाणित | २०० | |

| | | | |
|---|---|---|---|
| १२६. | अविवाहित प्रमाणित | २०० | |
| १२७. | जन्ममिति प्रमाणित | १०० | |
| १२८. | अंग्रेजी भाषामा सिफारिस/प्रमाणित (पञ्जीकरण बाहेक) | १००० | |
| १२९. | जग्गा धनीपुर्जा हराएको सिफारिस | १०० | |
| १३०. | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| १३१. | सर्जमिन मुचुल्का प्रमाणित | ५०० | |
| १३२. | मिलापत्र कागज | ५०० | |
| १३३. | आलीधुर बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग सम्बन्धी उजुरी दर्ता | १०० | |
| १३४. | अर्काको बाली नोक्सान गरेको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १३५. | चरन, घाँस, दाउरा सम्बन्धी उजुरी दर्ता | १०० | |
| १३६. | ज्याली मजुरी नदिएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १३७. | घरपालुवा पशुपक्षी हराएको वा पाएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १३८. | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धी उजुरी | निःशुल्क | |
| १३९. | नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको सम्बन्धी उजुरी दर्ता | निःशुल्क | |
| १४०. | वार्षिक पच्चीस लाख रुपैयाँ सम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा सम्बन्धी उजुरी दर्ता | ५०० | |
| १४१. | अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी | १०० | |

| | | | |
|---|---|---|---|
| | रुख विरुवा लगाएको सम्बन्धी उजुरी दर्ता | | |
| १४२. | आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४३. | सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४४. | कसैको हक वा स्वामित्वमा भए पनि परापूर्व देखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४५. | संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४६. | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४७. | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा अन्य कुनै संरचना बनाएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १४८. | पति-पत्नीको सम्बन्ध विच्छेद सम्बन्धी उजुरी दर्ता | १००० | |
| १४९. | अङ्ग भङ्ग बाहेकको कुटपिट सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५०. | गाली बेइज्जती सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५१. | लुटपिट सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५२. | पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको सम्बन्धी उजुरी दर्ता | १०० | |

| | | | |
|---|---|---|---|
| १५३. | अरुको आवासमा अनधिकृत प्रवेश गरेको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५४. | अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५५. | ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५६. | अन्य देवानी र फौजदारी विवाद सम्बन्धी उजुरी दर्ता | १०० | |
| १५७. | कच्ची घरको नक्सा ड्रइङ/डिजाइन | १००० | |
| १५८. | पक्की घरको नक्सा ड्रइङ/डिजाइन | २५०० | |
| १५९. | कच्ची घरको नक्सा पास | १००० | |
| १६०. | पक्की घरको नक्सा पास | ३००० | |
| १६१. | पक्की घरको तला थप अनुमति (प्रति तला) | ३००० | |
| १६२. | विवाह दर्ता | ५० | |
| १६३. | जन्म दर्ता | ५० | |
| १६४. | मृत्यु दर्ता | निःशुल्क | |
| १६५. | बसाईसराई (आएको/गएको) | ५० | |
| १६६. | सम्बन्ध विच्छेद दर्ता | ५० | |
| १६७. | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | २०० | |
| १६८. | गाउँपालिकाको हल भाडा | २००० | |

| | | | |
|---|---|---|---|
| १६९. | वडा कार्यालयको हल भाडा | १००० | |
| १७०. | <u>उद्योग दर्ता सिफारिस</u><br>घरेलु/साना/लघु उद्यम<br>मझौला उद्योग<br>ठूला उद्योग | <br>१०००<br>५०००<br>१०००० | |
| १७१. | <u>उद्योग दर्ता शुल्क</u><br>घरेलु/साना/लघु उद्यम/उद्योग<br>मझौला उद्योग<br>ठूला उद्योग | <br>३०००<br>१००००<br>५०००० | |
| १७२. | चल अचल सम्पत्ति सिफारिस/प्रमाणित | १००० (२५ लाख सम्मको), त्यो भन्दा माथिको हकमा ०.२५% ले | |
| १७३. | संस्थालाई अनुभव पत्र | १००० | |
| १७४. | वन जडिवुटी पूर्जी सिफारिस | ५०० | |
| १७५. | घर/जग्गा नामसारी | २०० | |
| १७६. | <u>बोर्डिङ विद्यालय दर्ता</u><br>आधारभूत तहसम्म<br>माध्यमिक तहसम्म | <br>१००००<br>२०००० | |
| १७७. | <u>बोर्डिङ विद्यालय नवीकरण</u><br>आधारभूत तहसम्मको<br>माध्यमिक तहसम्मको | <br>५०००<br>८००० | |
| १७८. | <u>बोर्डिङ विद्यालयको कक्षा अपग्रेड</u><br>आधारभूत तहसम्म प्रतिकक्षा<br>माध्यमिक तहसम्म प्रतिकक्षा | <br>२०००<br>३००० | |
| १७९. | खानेपानी मुहान दर्ता | १००० | |

| | | | |
|---|---|---|---|
| १८०. | इन्डियन तथा युके पेन्सन सिफारिस | १००० | |
| १८१. | **झोले/पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसायी)**<br><br>प्रति पोका (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका बाहिरका व्यवसायी) | <br><br>१००<br>२००<br>३००<br>५००<br>१०००<br>२००० | |
| १८२. | अन्य सिफारिस/प्रमाणित | ५०० | |

अनुसूची – ८

(दफा ९ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लिने पर्यटन शुल्क**

| **क्र.सं.** | **पर्यटकको किसिम** | **दररेट (एक पटकको रु.)** | **कैफियत** |
|---|---|---|---|
| १. | नेपाली | २० | |
| २. | सार्क भित्रका | १०० | |
| ३. | एसिया भित्रका | ५०० | |
| ४. | अन्य मुलुकका | १००० | |

अनुसूची – ९

(दफा १० सँग सम्बन्धित)

**गाउँपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको भूमिकर(मालपोत)**

| **क्र.सं.** | **प्रकार** | **खेत (प्रति रोपनी रु.)** | **बारी/पाखो (प्रति रोपनी रु.)** | **कैफियत** |
|---|---|---|---|---|
| १. | अब्बल | १२ | ४ | |
| २. | दोयम | १० | ३ | |
| ३. | सिम | ८ | २ | |
| ४. | चाहार | ६ | १ | |
| ५. | घडेरी (सडकले छोएको आठ आना वा सो भन्दा कम क्षेत्रफलको जग्गा) | प्रति घडेरी रु. २०० | | |

अनुसूची – १०

(दफा ११ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको प्रत्येक घरधुरी बाट देहाय बमोजिमको कर लगाउनेछ :**

| क्र.सं. | प्रकार | दर रु. (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | अति साधारण (खरको छाना भएको एकतले झुप्रो) | ० | |
| २. | साधारण (टिनको छाना भएको एकतले) | ० | |
| ३. | मध्यम (खरको छाना भएको एकभन्दा बढी तला भएको) | ० | |
| ४. | राम्रो (जस्तापाता/झिंगटीको छाना भएको) | ० | |
| ५. | पक्की घर (एक तले) | ० | |
| ६. | पक्की घर (एक भन्दा बढी तला भएको) | ० | |

अनुसुची - ११

(दफा १२ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क**

| क्र.सं. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १. | सार्वजनिक स्थलमा मदिरा पिउने, अनुमति नलिई विक्री वितरण गर्ने, होहल्ला गर्ने, झैं-झगडा गरेमा | पहिलो पटक - १००० <br> दोस्रो पटक - १५०० <br> तेस्रो पटक – ३००० | |
| २. | सार्वजनिक स्थलमा जुवातास खेलेमा | पहिलो पटक – १००० <br> दोस्रो पटक – १५०० <br> तेस्रो पटक - ३००० | |
| ३. | महिला हिंसा, घरेलु हिंसा गरेमा | पहिलो पटक - १००० <br> दोस्रो पटक - १५०० <br> तेस्रो पटक - ३००० | |
| ४. | जानाजान सार्वजनिक सडकलाई असर पुग्ने गरी सडकमा पानी/कुलो लगाएमा | पहिलो पटक - ३००० <br> दोस्रो पटक - ५००० <br> तेस्रो पटक - १०००० | |
| ५. | नोट : यस अनुसूचीसँग सम्बन्धित अन्य जरिवाना गाउँपालिकाको न्यायिक कानुन बमोजिम हुनेछ। | | |

अनुसुची – १२

(दफा १३ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने गोलिया निकासी गरे बापतको शुल्क तथा कर**

| क्र.सं. | विवरण | दररेट रु. (प्रति ट्रक) | दररेट रु. (प्रति ट्र्याक्टर) | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका क्षेत्रबाहिर गोलिया निकासी गरेबापत् | ५००० | ३००० | |